जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१७५३५७००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः २७ पृष्ठः ४ | २०८३ जेठ ०३ आइतबार (Sunday 17 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ‘सुशासनका लागि सामूहिक प्रयासको आवश्यकता’




सिरहा, २ जेठ। ‘भ्रष्टाचार नियन्त्रणः हाम्रो साझा दायित्व’ भन्ने मूल नाराका साथ सिरहामा सम्पन्न एक कार्यक्रमका सहभागीहरूले सुशासन स्थापनाका लागि सामूहिक प्रयास र जवाफदेहिता आवश्यक रहेको औँल्याएका छन्। राष्ट्रिय सतर्कता केन्द्रको आयोजना एवं जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयको सहआयोजनामा सम्पन्न ‘सदाचार शिक्षा एवं सचेतनामूलक कार्यक्रम’मा वक्ताहरूले कर्मचारी संयन्त्रमा सुधार र जनप्रतिनिधिबीचको प्रभावकारी समन्वय नै सुशासनको मुख्य कडी भएको बताएका हुन्।

जिल्ला समन्वय समितिका सभापति दिनेशकुमार महतोले सुशासनको जग सामूहिक उत्तरदायित्वमा अडिएको बताए। उनले कार्यालयहरूमा कर्मचारीको उपस्थितिको स्थिति कमजोर रहेकोप्रति चिन्ता व्यक्त गर्दै भने, “हामी सुशासनको कुरा त गर्छौं, तर अझै पनि २६ प्रतिशत कर्मचारी अनुपस्थित हुनु दुःखद् हो। सुशासनका लागि सबै सरोकारवाला निकायबीचको सामूहिक सक्रियता र कार्यालय प्रमुखहरूको कार्यशैलीमा सुधार आउनु अपरिहार्य छ।” उनले सबै पक्ष जिम्मेवार बनेमात्रै सुशासनको अनुभूति जनताले गर्न पाउने उल्लेख गरे।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले प्रशासनिक नेतृत्वको अस्थिरता र अनुपस्थितिले सेवा प्रवाहमा गम्भीर असर परेको उल्लेख गरे। “प्रमुख प्रशासकीय अधिकृत समयमा उपलब्ध नहुँदा फाइलहरू अड्किने गरेका छन्”, उनले भने, “यदि कानुनले मिल्दैन भने हाकिमले स्पष्ट टिप्पणी लेखिदिनुपर्छ, तर काम रोकेर सुशासनमा बाधा पुर्याउनु हुँदैन।” धनगढीमाई नगरपालिकाका प्रमुख शिवशंकर महतोले स्थानीय तहमा करारका कर्मचारीको व्यवस्थापन ठूलो टाउको दुखाई बनेको बताए। उनले भने, “नगरपालिकामा ८५ जना करारका कर्मचारी छन्, जसले आर्थिक बोझमात्र बढाएको छैन, उनीहरूमा नैतिक जिम्मेवारीको पनि अभाव देखिएको छ। छ–छ महिनामा हाकिम परिवर्तन हुने परिपाटीले काम गर्न झनै कठिन बनाएको छ।”

त्यस्तै, गोलबजार नगरपालिकाका प्रमुख श्यामकुमार

**–बाँकी तीन पेजमा**

## वीरगञ्जमा बजार अनुगमन : तीन होटेललाई कारबाही



वीरगञ्ज, २ जेठ। मूल्य पारदर्शिता सप्ताहअन्तर्गत जिल्ला अनुगमन समितिको संयुक्त अनुगमन टोलीले वीरगञ्ज महानगरपालिकाका विभिन्न क्षेत्रमा सञ्चालित होटल तथा क्यान्टिनको आकस्मिक अनुगमन तथा निरीक्षण गरेको छ। अनुगमनका क्रममा शुक्रबार तीन व्यवसायीले उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम कार्य नगरेको पाइएको भन्दै कारबाही गरेको छ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जका निमित्त प्रमुख आशुतोष कुशवाहाले संयुक्त अनुगमन टोलीले वीरगञ्ज महानगरपालिका–११ मा सञ्चालित तराई क्यान्टिनका सञ्चालक दीपक शाहलाई उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५ विपरीत कार्य गरेको तथा दफा ३८ (ट) बमोजिम कसुर गरेको ठहर गर्दै दफा ३९ (१) (घ) अनुसार रु ५० हजार जरिवाना गरेको जानकारी दिनुभयो।

यस्तै, वीरगञ्ज महानगरपालिका–१३ मा सञ्चालित ज्योति मगर होटलका सञ्चालक शेखर मगरलाई ऐनको दफा १५ विपरीत कार्य गरेको तथा दफा ३८ (घ) बमोजिम कसुर

**–बाँकी अन्तिम पेजमा**

**व्यवसायिक खेतिमा विषादीको कम प्रयोग**

कम विषादी, राम्रो बाली, स्वस्थ रहोस् हाम्रो थाली।
सजग किसान, सहि पहिचान, प्राकृतिक–अर्ग्यानिक खेती नै महान।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

## रौतहटमा अमानवीय व्यवहार

काठमाडौँ, २ जेठ। रौतहटको कटहरीया नगरपालिका–९ डुमरिया टोलमा एकल महिलामाथि बोक्सीको आरोप लगाउँदै कुटपिट तथा अमानवीय व्यवहार गरिएको घटनामा संलग्न एक जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार अन्दाजी ५५ वर्षीया ती महिलालाई केही व्यक्तिहरुले “मेरो आफन्तलाई बिरामी बनाएको” आरोप लगाउँदै गालीगलौज, लछारपछार तथा कुटपिट गरेका थिए। घटनाका क्रममा पीडित महिलालाई जबरजस्ती मलमुत्रसमेत खुवाइएको प्रहरीले जनाएको छ।

उक्त घटनामा संलग्न भई फरार रहेका राजेन्द्र माझीलाई मिति शुक्रबार प्रहरीले पक्राउ गरेको हो। पक्राउ परेका माझीमाथि थप

**–बाँकी तीन पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं।**

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य–मान्यता र मानवअधिकारको संरक्षण गरौं।
- गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सभ्यताको गौरव कि अहङ्कारको प्रदर्शन ?

पुस्ताहरूका बीचमा हुने अन्तरले शब्दको अर्थमा पनि फरक गर्छ। समयसँगै कतिपय शब्दको अर्थ विस्तार वा संकुचन भएका अनेकौं उदाहरण छन् नेपाली भाषामै पनि। अर्थ परिवर्तनको चपेटामा लोप हुने अवस्थामा पछिल्लो पुगेको शब्दमध्ये एउटा सभ्यता पनि हुनपुगेको छ। सभ्यता इतिहासका पानामा सीमित विषय होइन। मानिसको दैनिक व्यवहार, सार्वजनिक अभिव्यक्ति, उत्तरदायित्वबोध र अरूप्रतिको सम्मान अर्थात् आचरण उसको परिवार, थातथलो र संस्कारबाट निर्मित हुन्छ। कुनै समाज कति उन्नत छ भन्ने त्यहाँका भवन, सडक वा प्रविधिले मात्र नभएर त्यसका सदस्यले अपनाएको संस्कार र अभिव्यक्तिले निर्धारण गर्छ।

सांस्कृतिक विविधताका दृष्टिले नेपाल निकै समृद्ध र उन्नत रहिआएको छ। विश्वकै केही उत्कृष्टतम संस्कृत र सभ्यता नेपालमा अझै जीवन्त छन्। यिनैमध्ये एउटा दक्षिण एसियाकै प्राचीन सभ्यतामध्ये महान् मानिने मिथिला सभ्यताको केन्द्र नेपालमै छ। यसैले मिथिला सभ्यता समग्र नेपाली संस्कृतिकै अभिन्न अङ्ग मानिएको हो। मिथिला सभ्यता विशेषतः शिष्टता, संयम, विद्वत्ता र सामाजिक मर्यादाका लागि परिचित छ। वैदिक कालदेखि नै मिथिलामा ज्ञानलाई अहङ्कारको नभएर विनम्रताको आधार मान्ने परम्परा थियो। बोलाइमा नम्रता, व्यवहारमा मर्यादा र विवादमा संयम कायम राख्ने सुन्दर संस्कार मिथिलाको सामाजिक जीवनमा गहिरोसँग गाँसिएको मानिन्छ।

वैदेही सिता र विदेह जनकको भूमि भनेर चिनिने यही मिथिलाको सभ्यताले संवाद, तर्क र सहिष्णुतालाई सामाजिक अभ्यासका रूपमा विकसित गरेको थियो। त्यसैले मिथिलाको पहिचान मन्दिर, चित्रकला वा परम्परागत पोसाकमा सीमित नभएर त्यहाँका मानिसको संस्कारमा पनि जीवित देखिन्छ। विडम्बना, आज सार्वजनिक जीवनमा सभ्यताको चर्चा त धेरै हुन्छ व्यवहारमा त्यसको अभ्यास हराउँदै गएको छ। जति महत्त्वपूर्ण जिम्मेवारीमा पुग्यो उति संयमभन्दा उत्तेजना, संवादभन्दा संवादहीनता र उत्तरदायित्वभन्दा प्रदर्शनमुखी प्रवृत्तिको प्रभुत्व बढ्दैगएको देखिन्छ। यस्तो अपसंस्कार मिथिलामा पनि देखिनु दुर्भाग्यपूर्ण विडम्बना हो।

पछिल्ला दिनहरूमा नेपाली समाजमा सामाजिक सञ्जालदेखि सार्वजनिक मञ्चसम्म असहमति व्यक्त गर्ने शैली झन् आक्रामक बन्दै गएको छ। अहिले सामाजिक सञ्जाललाई समाजको ऐनाका रूपमा हेर्ने हो भने असहिष्णुता र अशिष्ट आक्रामकता यसको मूल प्रवृत्ति हुनपुगेको देखिन्छ। अर्थात्, संस्कृत उक्ति 'महाजनो येन गतः सः पन्था' नेपाली समाजमा चरितार्थ भएको छ। युवा युस्ताले अगुवा मानेकाहरूमा अहङ्कार, असहिष्णुता र कटुता बढी नै देखिनु दुर्भाग्य हो।

सभ्यताको वास्तविक परीक्षा संकट वा शक्ति प्राप्तिको क्षणमा हुन्छ। शक्ति सम्पन्न हुँदा पनि विनम्र रहन सक्नु, आलोचनाबीच पनि मर्यादा कायम राख्नु र असहमतिप्रति सम्मान देखाउनु सभ्य संस्कारी नेतृत्वको लक्षण हो। कुनै भूगोल, समुदाय वा सांस्कृतिक परम्परासँग जोडिनुले मात्र संस्कारको विकास हुँदैन। सभ्यताले सिकाएका मूल्य व्यवहारमा देखिनु अपरिहार्य हुन्छ।

मिथिलालगायत नेपालका महान् सभ्यताहरूको सबैभन्दा ठूलो शिक्षा सायद व्यक्ति महान् पद, शक्ति वा लोकप्रियताले होइन आफ्नो ज्ञान, संस्कार र सहिष्णुले हुन्छ भन्ने हो। आजको नेपाली समाजमा बढ्दो असहिष्णुता, कटुता र अहङ्कारले एउटा गम्भीर प्रश्न उठाएको छ – हामी सभ्यताको गौरव बोकेर हिँडिरहेका छौँ कि त्यसको नाममात्र आफ्नो स्वार्थका लागि प्रयोग गरिरहेका छौँ ?

यस अवस्थामा समाजलाई अझ असहिष्णु र आक्रामक हुनबाट जोगाउने हो भने परिवारदेखि नै संवाद, संयम र सहिष्णुताको पाठ सिकाउनु आवश्यक हुन्छ। तर, अहिले विद्यालय वा परिवारमा सिकाइने संस्कार समाजमा जीवन्त हुन पुस्तौं लाग्छ। यसैले अहिलेका सामाजिक, राजनीतिक अगुवाहरूले आफ्नो आचरणमा संयम, सद्भाव, सम्मान तथा मर्यादामा मैथिल गुण अपनाउने र अहङ्कार त्याग्ने गरेमात्र नेपाली समाजको भविष्य सुन्दर हुनेछ।


## माइग्रेसन हरायो सूचना

मिति २०८१/०१/२७ गते बर्दिवास देखि गोलबजारसम्म जादा मेरो निम्न ब्यहोरा भएको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८४००१५०१८ मा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : रमेश कुमार सिंह**
**रजिष्टर नं.: ६५१७१२१३३**
**सिम्बल नं.: २१७१२१३०**
**वर्ष: २०६६**
**ठेगानाः बर्दिवास न.पा. वडा नं. ९, महोत्तरी**


# यस्ता छन् आगामी आर्थिक वर्षको बजेटका मार्गदर्शक सिद्धान्त

काठमाडौँ, २ जेठ। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सङ्घीय संसद्को दुवै सदनको छुट्टाछुट्टै बैठकमा आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गर्नुभएको छ। नेपालको संविधान, लोकतान्त्रिक मूल्य, मान्यता र असल शासनका मूल आदर्शप्रति अविचल रहँदै थिति बसाल्ने सङ्कल्पसहित नीतिगत स्थायित्व, संस्थागत सुदृढीकरण र परिणाममुखी शासन प्रणाली स्थापित गर्ने दिशातर्फ वर्तमान सरकार अघि बढेको उल्लेख गर्दै अर्थमन्त्री वाग्ले उक्त प्राथमिकता प्रस्तुत गर्नुभएको हो।

सुशासन र न्याय, रोजगारमूलक आर्थिक वृद्धि तथा गुणस्तरीय सार्वजनिक सेवा र समान अवसरलाई केन्द्रमा राख्दै बजेट निर्माणको क्रममा रहेको उहाँको कथन छ। अर्थमन्त्रीले विनियोजन विधेयकका पाँचवटा मार्गदर्शक सिद्धान्त रहेको उल्लेख गर्नुभएको छ। त्यसमा सुशासनको लाभांश, अर्थतन्त्रको पुनर्संरचना, सन्निकटताका लागि एकीकृत पूर्वाधार, सर्वव्यापी सामाजिक उन्नयन र मध्यम वर्गको विस्तार र सौम्य शक्तिको सुदृढीकरण रहेका छन्।

**सुशासनको लाभांश**

सुशासनलाई नागरिकले प्रत्यक्ष अनुभूत गर्ने राज्यको नैतिक वैधता, सेवा दक्षता र आर्थिक सामर्थ्यका रूपमा स्थापित गर्नेगरी आगामी आवको बजेट प्रस्तुत हुने अर्थमन्त्रीले उल्लेख गर्नुभएको छ। यस्तै उहाँले विधिको विवेकसम्मत शासन, संस्थागत कुशलता र सार्वजनिक सदाचारको सर्वोपरिता सुशासन प्रत्याभूतिको प्रस्थानविन्दु हुनेछ भने राज्यलाई उत्तरदायी र प्रविधिमैत्री बनाउँदै सुशासनको प्रत्यक्ष लाभ नागरिकको दैनिक जीवनमा अनुभूत हुनेगरी शासकीय सुधारको शृङ्खला कार्यान्वयन गर्ने स्पष्ट पार्नुभयो।

उहाँका अनुसार आगामी बजेट नागरिकको समय, श्रम र लागत बचत हुनेगरी द्रुत एवं विश्वसनीय सार्वजनिक सेवा सुनिश्चित गर्ने दिशामा केन्द्रित हुनेछ। एकीकृत डिजिटल सुशासनमा आधारित प्रशासनिक सुधारमार्फत सेवा प्रवाहमा हुने ढिलाइ, झन्झट र अवाञ्छित मध्यस्थताको अन्त्य गरिनेछ। सार्वजनिक संस्थाहरूलाई अवैध कब्जा र दोहनकारी प्रवृत्तिबाट मुक्त गरी राज्यका नीति, कानुन र नियामकीय व्यवस्थाको व्यापक पुनरावलोकन गर्ने अर्थमन्त्रीको कथन छ। सम्पत्ति शुद्धीकरण, राजस्व चुहावट, सार्वजनिक स्रोतको दुरूपयोग तथा सङ्गठित अपराधविरुद्धको अनुसन्धान र अभियोजन प्रणालीलाई भ्रष्टाचारविरुद्धको परिणाममुखी अभियान बनाइनेछ।

**अर्थतन्त्रको पुनःसरचना**

उच्च, फराकिलो र तीव्र आर्थिक वृद्धि हासिल गर्दै पर्याप्त रोजगारी सृजना गर्नु अर्थतन्त्र पुनःसंरचनाको मूल लक्ष्य हुने अर्थमन्त्रीले जानकारी दिनुभयो। त्यस्तै, आगामी बजेटले उपभोगमा आधारित अर्थतन्त्रलाई लगानी र उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्नेछ। आर्थिक अवसरको विस्तार, उद्यमशीलताको प्रवर्द्धन, प्रतिस्पर्धात्मक वातावरणको सुनिश्चितता र वित्तीय साधनको उत्पादनशील परिचालनका आधारमा नयाँ चरणको आर्थिक सुधार अघि बढाइने सदनलाई उहाँले अवगत गराउनुभयो।

सन्तुलित सार्वजनिक वित्त व्यवस्थापनमार्फत लगानीमैत्री आर्थिक वातावरण सुदृढ गर्ने, निजी क्षेत्रको आत्मविश्वास पुनःस्थापित गर्दै उद्यम-व्यवसायमा रहेका अवरोधहरू हटाइने अर्थमन्त्रीले उल्लेख गर्नुभयो। "अस्वस्थ प्रतिस्पर्धा, सिन्डिकेट, कार्टेलिङ र एकाधिकारको अन्त्य गर्दै समताउन्मुख सामाजिक बजार अर्थतन्त्र सुदृढ गर्नेछौँ। कर प्रणालीलाई सरल र न्यायोचित बनाउँदै उत्पादन र नवप्रवर्तनलाई प्रोत्साहन गर्नेछौँ। डिजिटल अर्थतन्त्र, सेवा निर्यात, स्वच्छ ऊर्जा र उच्च मूल्य अभिवृद्धियुक्त कृषि क्षेत्रलाई आर्थिक रूपान्तरणको संवाहकका रूपमा अघि बढाउनेछौँ", अर्थमन्त्रीले भन्नुभयो।

नेपालको भूपरिवेष्टित प्रतिकूलतामा अन्तर्निहित संरचनागत आर्थिक भार कम गर्न अन्तरराष्ट्रियस्तरको हवाई सेवा, दूरसञ्चार तथा लजिस्टिक्स पूर्वाधारमा आमूल सुधार गर्ने, आयात प्रतिस्थापन गर्ने उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउन अस्थायी संरक्षणात्मक उपाय अवलम्बन गर्ने र निजी सम्पत्तिको सुरक्षा राज्यको दायित्व हुने अर्थमन्त्री डा वाग्लेले स्पष्ट पार्नुभयो।

**सन्निकटताका लागि एकीकृत पूर्वाधार**

सन्निकटताले भूगोल र बस्तीबीच मात्र होइन, उत्पादन, बजार, सेवा र अवसरबीचको दूरी न्यूनीकरण गर्दै आर्थिक-सामाजिक अन्तरसम्बन्ध सुदृढ गर्दछ। बृहत् पूर्वाधार निर्माणमार्फत सन्निकटता विस्तार गरी आर्थिक गतिशीलता र सामाजिक एकीकरणमा टेवा पुऱ्याउने अर्थमन्त्री वाग्लेले सदनलाई जानकारी दिनुभयो। उहाँका अनुसार सडक, हवाई, ऊर्जा, सहरी तथा डिजिटल पूर्वाधारलाई एकीकृत दृष्टिकोणका साथ विकास गर्ने, पूर्वाधारलाई समय, लागत र गुणस्तरको अनुशासनभित्र राख्न संस्थागत समन्वय सुदृढ गर्ने बजेटको प्राथमिकता हुनेछ।

देशका सबै क्षेत्र र सम्प्रदायसम्म प्रतिफल पुग्नेगरी सन्तुलित विकासका लागि पुँजी, प्रविधि र व्यवस्थापकीय क्षमताको समुचित परिचालन गर्ने, आर्थिक गतिविधि, सेवा प्रवाह र राष्ट्रिय सन्निकटतालाई नयाँ स्तरमा पुऱ्याउनेगरी डिजिटल सार्वजनिक पूर्वाधार विस्तार गर्ने सरकारको लक्ष्य रहेको छ। यस्तै, जलवायु परिवर्तन, पर्यावरणीय सन्तुलन र विपद् जोखिमलाई मध्यनजर गर्दै उत्थानशील पूर्वाधार विकासको अवधारणा अवलम्बन गर्ने र प्राकृतिक स्रोतको संरक्षण, उपयोग र भविष्य-सुरक्षित अर्थतन्त्रबीचको सम्बन्ध सन्तुलित हुने उहाँको भनाइ छ।

**सर्वव्यापी सामाजिक उन्नयन र मध्यम वर्गको विस्तार**

गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण र सीपमा समान पहुँच सुनिश्चित गर्दै सक्षम मानव पुँजी विकास गर्ने, राज्यको संरक्षण आवश्यक पर्ने व्यक्तिका लागि सामाजिक सुरक्षाको भरपर्दो आधार निर्माण गर्ने आगामी आर्थिक वर्षको बजेटको प्राथमिकता रहने अर्थमन्त्रीको भनाइ छ। यस्तै, आर्थिक गतिशीलता र सामाजिक सुरक्षा प्रत्याभूत गरी मध्यम वर्गको विस्तार गर्ने, कृषि एवं लघु, साना तथा मझौला उद्योगको प्रवर्द्धन तथा प्रायोगिक र रोजगारमूलक शिक्षा उपलब्ध गराई सीपयुक्त जनशक्तिको विकास गर्ने सरकारको प्राथमिकता रहने अर्थमन्त्रीको कथन छ। त्यस्तै, नवप्रवर्तन, उद्यमशीलता र स्टार्टअप संस्कृतिलाई उत्पादन र रोजगारीसँग आबद्ध गर्न उपयुक्त वित्तीय साधन परिचालन गरिनेछ।

शिक्षा प्रणालीलाई उत्पादन, उद्यमशीलता, नवप्रवर्तन र श्रम बजारसँग आबद्ध गर्नेछौँ। प्राविधिक तथा व्यावसायिक शिक्षामा राज्यको लगानी बढाई रोजगार केन्द्रित शिक्षामा जोड दिने, स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा प्रणालीको पुनःसंरचनामार्फत स्वास्थ्य सेवामा नागरिकको पहुँच र वित्तीय सुरक्षा सुदृढ गरिनेछ। त्यसैगरी, सबै नेपालीको जीवनस्तर उकास्ने वास्तविक सामाजिक गतिशीलताका लागि कदम चाल्ने र समावेशीकरणलाई प्रतिनिधित्वमा मात्र सीमित नराखी आर्थिक अवसर र सम्मानजनक सहभागितासँग आबद्ध गर्ने अर्थमन्त्री डा वाग्लेले उल्लेख गर्नुभयो।

**सौम्य शक्तिको सुदृढीकरण**

सरकारले पारस्परिक लाभ, राष्ट्रिय आत्मसम्मान र सार्वभौम हितमा आधारित सन्तुलित परराष्ट्र सम्बन्ध सुदृढ गर्दै आर्थिक समुन्नतिका लागि सौम्य शक्ति ( सफ्ट पावर) परिचालन गरिनेछ। आर्थिक कूटनीति, सांस्कृतिक पहिचान, प्रविधि तथा पर्यटनको एकीकृत उपयोगमार्फत नेपालको अन्तरराष्ट्रिय उपस्थिति, विश्वसनीयता र प्रभाव विस्तार गर्ने, छिमेकी तथा मित्रराष्ट्रहरू र अन्तरराष्ट्रिय संस्थाहरूसँग परिपक्व सम्बन्ध विकास गर्दै आर्थिक लाभ वृद्धि गरिने अर्थमन्त्रीको भनाइ छ।

यस्तै, स्वदेशी पुँजी, प्रविधि र उद्यमशीलतासँगै विदेशमा रहेका नेपाली समुदायको सञ्जाल, सीप र पुँजीलाई राष्ट्रिय विकासको अभिन्न अङ्गका रूपमा परिचालन गर्ने, गैरआवासीय नेपालीको विशेषज्ञतालाई राष्ट्रिय अर्थतन्त्रसँग जोड्न सहजीकरण गर्ने तथा आर्थिक कूटनीतिलाई लगानी, प्रविधि हस्तान्तरण, निर्यात विस्तार र अन्तरराष्ट्रिय पुँजी परिचालनसँग आबद्ध गर्न कानुनी सुधार गर्ने आगामी बजेटको मार्गदर्शक सिद्धान्त रहनेछ।

# मुसहर बस्तीकी ललिताको शिक्षक बन्ने सपना

महोत्तरी, २ जेठ। "अब विद्यालयको शिक्षक बन्ने सपना छ, त्यसका लागि मेहिनत गर्छु", गत सोमबार साँझ प्रकाशित माध्यमिक शिक्षा परीक्षा (एसइई) को परिणामपछि उत्साहित बर्दिवास नगरपालिका-१४ मुसहर बस्तीकी ३० वर्षीया ललिता सदा मुसहरले भन्नुभयो, "एसइई उत्तीर्ण गरेँ, अब आफू पढेकै बर्दिवास-२ स्थित जनता माध्यमिक विद्यालयमा कक्षा १२ सम्मको अध्ययन सक्छु।"

पढ्ने र पछि शिक्षक भएर शिक्षाको अवसरबाट पछि परेका मुसहर जाति तथा विपन्न समुदायलाई विद्यालय जान उत्प्रेरित गर्ने आफ्नो सपना रहेको उहाँले सुनाउनुभयो। "बाबु, आमा र पति सबै निरक्षर [ मधेसमा अत्यन्त पछि परेको जाति र समुदाय हो मुसहर। घरमा पतिसहित दुई छोरा छन्", उहाँले भन्नुभयो। यी कुनै बन्धनले ललिताको पढ्ने रहरलाई अहिलेसम्म छेक्न सकेन। ज्यालामजदुरी गरेर जीविका धान्ने आममुसहर जस्तै ललिताको पनि जीवन पनि त्यस्तै छ। कलिलै उमेरमा विवाह गरेकी ललिताका १४ र १२ वर्षका दुई छोरा छन्। जेठा ब्रह्मदेव छ कक्षा र कान्छा रोहन पाँच कक्षामा पढ्छन्।

विद्यालयमा १० कक्षा पढुञ्जेल बिहानको एक लगनी काम गरी दुवै छोरालाई सँगै लिएर विद्यालय जाने गर्नुभएकी ललिताले यसपालि एसइई उत्तीर्ण हुनु आफ्नो मेहनत र सङ्कल्पको फल भएको बताउनुभयो। माइतमा घरजम गरेर बसेकी उहाँलाई प्रत्येक वर्षजसो हुने विद्यालय भर्ना अभियानमा जोडिएर पढ्न जान थालेको सम्झना छ। नियमित विद्यालय जाँदा अरुले झै 'म पनि पढ्छु र मेहनत गर्छु' भन्ने इच्छा जागेर पढाइलाई निरन्तरता दिएको उहाँले बताउनुभयो। "पहिलो मैरै सङ्कल्प हो, अनि विद्यालयका गुरुजन र घरमा पतिको साथ र समर्थन पाएँ", ललिताले भन्नुभयो, "त्यसपछि झन् चासो राख्ने र पढ्ने आँटभरोस दिनेहरू बढ्न थालेपछि सहज हुँदै गयो।"

जिल्लामै स्नातकोत्तर गर्ने बस्तीका पहिलो मुसहर मञ्जय सदाले सधैँ पढ्न हौसला दिने

-बाँकी तीन पेजमा

## मुसहर बस्तीकी ...

गर्नुभएको ललिताले अनुभव सुनाउनुभयो। उहाँकै हौसलाले पढाइलाई निरन्तरता दिँदै एसइई उत्तीर्ण भएको उहाँको भनाइ छ। बस्तीसँगै जोडिएको विद्यालय भएपनि यहाँका मुसहर पढ्ने विषयमा आफ्नो भएको नठान्ने ललिताले बताउनुभयो। "विसं २०७३ मा सरसफाइ सचेतना अभियानका क्रममा हास्य कलाकार सीताराम कट्टेल (धुर्मुस) र कुञ्जना घिमिरे (सुन्तली) बर्दिबास–१४ को मुसहर बस्ती पुगेपछि यसले रुप फेर्ने अवसर भेट्यो। त्यसपछि विस्तारै बस्तीका मानिसको सोच परिवर्तन हुँदै गएको हो", उहाँले भन्नुभयो।

बस्तीको गरिबी र अशिक्षाले द्रवित भएका कलाकार दम्पत्तिले धुर्मुस–सुन्तली फाउण्डेशनका माध्यमबाट नमूना बस्ती बनाएर एक वर्षभित्रै शौचालय, धारा र बिजुलीसहित सुविधासम्पन्न पक्की ५० मुसहर परिवारलाई घर हस्तान्तरण गरेसँगै सचेतना अभियानको प्रभावले यहाँका बासिन्दा शैक्षिक, सामाजिक र आर्थिक गतिविधिमा सरिक हुन थालेका उहाँले बताउनुभयो। ललिताका अनुसार अहिले बढ्दै गएर यहाँ करिब ८० परिवार मुसहर छन्। बस्तीमा उच्च शिक्षा ( स्नातकोत्तर) गर्ने मञ्जय जिल्लाकै पहिलो मुसहर र ललिता माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गर्ने बस्तीकी पहिलो महिला बन्नुभएको छ। "म मात्र पढ्न जाने भन्ने होइन ! बस्तीका आम बालबालिकालाई डोऱ्याएर विद्यालय लाने गरेकी छु", ललिताले भन्नुभयो, "अहिले बस्तीबाट ७० जनाभन्दा बढी बालबालिका विद्यालय जाँदैछन्। यिनीहरूको पढाइ निरन्तरताका लागि मञ्जय र म सधैँ घरघर पुग्ने गरेका छौँ।"

बस्तीका बालबालिकामध्ये चार जना कक्षा–८ मा, एक जना कक्षा–७ मा र अरु ५ कक्षा मुनिका रहेका उहाँले जानकारी दिनुभयो। विद्यालय जाने बालबालिकामा छोरीको सङ्ख्या ५० भन्दा बढी रहेको उहाँको भनाइ छ। शिक्षामा बढेको यो जागरणसँगै यहाँका बासिन्दा अब आर्थिक गतिविधिमा सरिक हुँदै आम्दानीको केही रकम सञ्चय गर्ने, अस्पताल जाने र आफ्ना समस्याबारे नगर र वडा कार्यालयमा पुगेर जनप्रतिनिधिसँग छलफल गर्ने गरेका बस्तीका शैक्षिक अभियानी मञ्जय सदाले बताउनुभयो।

यसैगरी ललिताले अब बालविवाह जस्तो सामाजिक कुप्रथा विरुद्ध जनमत बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। "१५ वर्ष नपुग्दै धेरैजसोले विवाह गर्छन्। २० वर्ष नपुग्दै दुई–तीन वटा सन्तानको आमा बन्छन्", यसै परिवेशबाट गुज्रेकी उहाँले भन्नुभयो, "यो चलन हाम्रो व्यक्ति र जातिमा समाज विकासको बाधक बनेको छ।" कम उमेरमै आमा बनेपछि अनेकौँ स्वास्थ्य समस्याले मुसहर समुदायका महिलाको अवस्था नाजुक बनेको उहाँको ठम्याइ छ।

अहिले ललिताको अगाडिको पढाइका बारेमा विद्यालय र वरपरका समाजले चासो लिएका छन्। "उहाँको पढाइमा हामी सकेको मद्दत गर्छौं", जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक तोपबहादुर ठकुरीले भन्नुभयो, "ललिता अनुशासित र मेहनती हुनुहुन्छ र सिकाइलाई व्यवहारमा उतार्नसक्ने क्षमता राख्नुहुन्छ।" बर्दिवास–१४ को बस्ती धुर्मुस–सुन्तलीले फेरि दिए पनि आमरूपमा बाँसको खाँबा र भिऋाभिऋीको बार (बेराघेरा) का भित्ताको भरमा अडिएका परालका छानाका झुप्रा आममुसहरको घरसंसारका रूपमा देखिन्छ। मुसहरका लागि 'कमाइ ल्यायो, भुटी खायो' भन्ने भनाइ प्रचलित छ।

मुख्यत कृषि तथा मजदुरी पेसामा आवद्ध मुसहर बास्तीका नागरिक बिहान मजदुरी गर्ने र दिउँसो घोङी (सङ्खे कीराजस्तो मुसहरको खास परिकार), मुसा र माछा मार्न जाने गर्दछन्। भोलि के खाने भन्ने र भविष्यलाई सञ्चय गर्नुपर्छ भन्ने निश्चित नहुँदा आफ्नो जातिका लागि 'कमाइ ल्यायो, भुटी खायो' भन्ने भनाइ अहिलेसम्म चलिआएको यहाँका ज्येष्ठ मुसहर बताउँछन्। अब भने यो अवस्था फेर्नै पर्ने ललिताको अठोट छ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तहका सबैजसो बस्तीमा धेरथोर बसोबास गरिरहेका मुसहरका घर जोसुकैले सहजै ठम्याउँछन्। भिऋाका भित्ता, बाँसका खाँबा र पराले छानाका गुजुमुञ्ज झुप्रा देखिएपछि अपरिचित जोसुकैले मुसहर बस्ती रहेछ भन्ने ठम्याउन सक्छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार जिल्लामा २७ हजार ३५२ मुसहरको जनसङ्ख्या छ। यो जिल्लाको कूल जनसङ्ख्या सात लाख छ हजार ९९४ को लगभग तीन दशमलव ८७ प्रतिशत हिस्सा हो। अहिले पाँच वर्षपछि उक्त जनसङ्ख्या ३० हजारको हाराहारी पुगे पनि यो जाति समुदाय शिक्षामा पछि रहेको शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय महोत्तरीका प्रमुख निर्मल घिमिरेले बताउनुभयो। यो जाति समुदायबाट उच्च शिक्षा लिने र माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गर्नेको सङ्ख्या हातकै औँलाबाट गणना हुने उहाँको भनाइ छ।

मुसहर समुदायका बालबालिकाको शिक्षामा पहुँच बढाउन विशेष पहलकदमी हुनपर्ने माग स्थानीयस्तरमा बढेको समन्वय एकाइ कार्यालयका प्रमुख घिमिरेले बताउनुभयो। यो समुदायका बालबालिकालाई विद्यालयमा टिकाउन सम्बन्धित स्थानीय तहले बस्तीबस्तीमा अतिरिक्त शिक्षाको प्रबन्ध गर्नुपर्ने मुसहर समुदायका अगुवा बताउँछन्।

"अब बालबालिकालाई पढाउनु पर्छभन्ने चेतनाको विकास भएको छ", बर्दिवास–१४ को नमूना मुसहर बस्तीका शैक्षिक अभियानी मञ्जयले भन्नुभयो, "विद्यालयमा नाम लेखाए पनि पढाइमा आफू निकै कमजोर रहेको हीन भावनाले मुसहर बालबालिका विद्यालय छाड्ने गरेका छन्।" यो अवस्था अन्त्यका लागि मुसहर बस्तीमा स्थानीय तहले अतिरिक्त कक्षा सञ्चालन गरेमा सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

यसैगरी विद्यालयमा पाँच कक्षासम्मलाई दिवाखाजाको व्यवस्था भएपनि त्योभन्दा माथि कक्षाका बालबालिका भोक थेग्न नसकेर घर भाग्ने गरेका मञ्जयले बताउनुभयो। "एक दिन बनी गर्न नगए भरे भोकै परिने चिन्ता विद्यमान छ, बाबुआमा खाजा खाने पैसा दिन सक्दैनन्", उहाँले भन्नुभयो, "यो समुदायलाई शिक्षासहित विकासका मूलप्रवाहमा ल्याउने हो भने थप प्रयत्न गर्नुपर्ने देखिन्छ। यसको पहलकदमी स्थानीय तहले लिनुपर्छ।" यो व्यवस्था कम गर्नसके मुसहर बालबालिकामा गुणात्मक सुधार आउने उहाँको दाबी छ।

## 'सुशासनका लागि...

श्रेष्ठले दरबन्दीअनुसारका स्थायी कर्मचारी नहुँदा बाध्य भएर करारमा कर्मचारी र शिक्षक राख्नुपरेको यथार्थ सुनाए। लक्ष्मीपुर पतारी गाउँपालिकाका अध्यक्ष चतुरानन्द ठाकुरले सबै कार्यालयका प्रमुखले आफ्नो कार्यशैलीमा सुधार ल्याएमात्रै जनताले सुशासनको अनुभूति गर्न पाउने धारणा राखे। कर्जना नगरपालिकाकी उपप्रमुख लक्ष्मीकुमारी श्रेष्ठले प्रभावकारी अनुगमनको महत्वमा जोड दिँदै भनिन्, "एक दिनको कडा अनुगमनले पनि धेरै सुधार ल्याउन सक्छ, अब पालिकास्तरमै सुशासन अभियान चलाउन आवश्यक छ।"

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले विभिन्न निकायबीच समन्वयको अभाव खड्किएको बताए। विद्युत् र पूर्वाधार कार्यालयजस्ता निकायले आपसी समन्वय गरे धेरै समस्या हल हुने उनको तर्क थियो। प्रशासनको जनशक्ति अभावबारे बोल्दै उनले भने, "जिल्ला प्रशासनमै तीन जना अधिकृत हुनुपर्नेमा एक जनाले मात्र काम धान्नुपरेको छ, तैपनि हामी नीति र कानुनअनुसार चल्न प्रतिबद्ध छौँ।" राष्ट्रिय सतर्कता केन्द्रका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टले केन्द्रले 'ओभरसाइट एजेन्सी'का रूपमा काम गरिरहेको जानकारी दिए। उनले भने, "हामीले सिरहाका ३० वटा कार्यालयको अनुगमन गरेका छौँ, यहाँ उठेका विषयलाई टिपोट गरी सम्बन्धित निकायमा निर्देशन दिनेछौँ। सुशासनका लागि सरकारका सबै निकाय उत्तिकै जिम्मेवार हुनुपर्छ।"

कार्यक्रममा सहभागी अन्य प्रतिनिधिहरूले पनि भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने र सुशासनका लागि साझा प्रयास गर्ने सामूहिक प्रतिबद्धता जनाएका थिए।

# दुई दिन बिदा दिने निर्णयपछि पठनपाठन सञ्चालनका लागि नयाँ व्यवस्था




**प्रकाश सिलवाल**

काठमाडौँ, २ जेठ। शनिबार र आइतबार सार्वजनिक बिदा दिने सरकारको निर्णय लागू भएपछि पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहमा पठनपाठन सञ्चालन र कार्यघण्टा मिलानका लागि नयाँ व्यवस्थापन गरेको छ। इन्धनको सहजताका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को गत चैत २२ गतेको निर्णयअनुसार सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थामा सातामा दुई दिन शनिबार र आइतबार बिदा दिने निर्णयपछि केन्द्रले नयाँ व्यवस्थापन गरेको हो।

नयाँ व्यवस्थापनअनुसार विद्यालय सञ्चालन हुने पाँच दिन तथा पठनपाठन हुने अवधिसमेत समायोजन गर्न पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षक, विद्यालय र सरोकार भएका पक्षलाई सास्ती भएको छ। समायोजनको उक्त आवश्यकतालाई ध्यान दिएर शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा भएको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को यही वैशाख ११ गतेको बैठकबाट गठित कार्यदलको सुझावका आधारमा पाठ्यक्रम स्वीकृत गरिएको छ। उक्त स्वीकृत पाठ्यक्रमले तोकेअनुसार कार्यघण्टा मिलान गरिएको केन्द्रका महानिर्देशक युवराज पौडेलले जानकारी दिनुभयो।

सरकारबाट निर्धारित सार्वजनिक बिदा, शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ अनुसार दिइएका बिदाबाहेकको व्यवस्था, प्रदेश र स्थानीय तहअन्तर्गत दिइने बिदासमेत हुँदा वार्षिक कार्यघण्टा पूरा गर्न विद्यालयलाई चुनौती हुँदै आएको छ। शिक्षा नियमावली, २०५९ को नियम ८५ (क) को उपनियम ७ मा विद्यालयको एक शैक्षिकसत्रमा कम्तीमा २२० दिन पठापाठन हुनेगरी व्यवस्था रहेको छ भने सोही नियमावलीको नियम ८५ (क) को उपनियम ९ मा बडादसैँको घटस्थापनादेखि पूर्णिमासम्म विद्यालय बन्द रहने व्यवस्था गरिएको छ।

नियम ५८ उपनियम ३ मा एक शैक्षिकसत्रमा दिइने बिदा वा बन्द बिदा बढीमा ४५ दिन रहने व्यवस्था छ। पाठ्यक्रममा तोकिएको विषयवस्तु, त्यसका लागि छुट्याइएको पाठ्यभार तथा विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापलाई समेत समन्वयिक व्यवस्थापन गर्दै अघि बढ्ने गरी केन्द्रले निर्देश गरेको छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले प्रारम्भिक बालविकास तथा शिक्षाका लागि एक शैक्षिकसत्रमा वार्षिक रूपमा ७६५ घण्टा दैनिक सिकाइ क्रियाकलाप र विषयगत सिकाइ क्रियाकलाप सञ्चालन हुने भनेको छ। वार्षिक २६५ घण्टा मनोरञ्जन, बाह्य खेल, आराम तथा खाना खाने समय हुने र उक्त समयमा बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रमा बिताउने पूरा अवधिलाई मानिएको छ।

विद्यालय शिक्षाका सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन हुने, कक्षा १ देखि ३ सम्म जम्मा २६ पाठ्यघण्टा अर्थात् वार्षिक ८३२ कार्यघण्टाको पठनपाठन गर्नुपर्ने भएकाले त्यसको व्यवस्थापन गरिएको महानिर्देशक पौडेलले बताउनुभयो। उहाँका अनुसार कक्षा ४ देखि ७ सम्म जम्मा ३२ पाठ्यघण्टा अर्थात् वार्षिक एक हजार २४ कार्यघण्टा र कक्षा ९, १०, ११ र १२ मा कम्तीमा ३७ पाठ्यघण्टा अर्थात् एक हजार १८४ कार्यघण्टादेखि बढीमा ४२ पाठ्यघण्टा अर्थात् एक हजार ३४४ कार्यघण्टा पठनपाठन गर्नुपर्ने हुन्छ।

पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा मानिने केन्द्रका महानिर्देशक पौडेलले जानकारी दिनुभयो। तोकिएको पाठ्यघण्टा नघट्नेगरी विद्यालयको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्दा सामान्यतः पाठ्यघण्टा गणना एक घण्टाको एकाइमा गरिने केन्द्रले जनाएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार २०५ दिन विद्यालय सञ्चालन गर्दा न्यून हुन आउने पठनपाठन दिन सङ्ख्या २१ र शिक्षा नियमावलीको नियम ८५ अनुसार २२० दिन विद्यालय खुल्ने व्यवस्थाअनुसार न्यून हुने दिन सङ्ख्या ३६ हुन आउँछ। अपुग भएर बाँकी हुन आउने २१८ दिनको समयमध्ये दैनिक १५ मिनेट प्रार्थना र २० मिनेट खाजा समय छुट्याउँदा छ घण्टाको विद्यालय समयबाट पठनपाठनका लागि दैनिक रूपमा प्राप्त हुने समयावधि पाँच घण्टा २५ मिनेटका आधारमा वार्षिक पठनपाठनका लागि उपलब्ध समय ७५८ घण्टा हुनेछ।

यसरी अपुग हुने पाठ्यघण्टालाई विद्यालय समयभन्दा अतिरिक्त समयमा गरिने परियोजना तथा प्रयोगात्मक कार्यलगायत सिकाइसम्बद्ध क्रियाकलापलाई विषयगत तथा बहुविषयगत सिकाइ उपलब्धिसँग आबद्ध गर्ने र यसरी सिकाइका लागि उपयोग हुने समयलाई वार्षिक कार्यघण्टामा समावेश गर्न केन्द्रले निर्देश गरेको केन्द्रका महानिर्देशक पौडेलले बताउनुभयो। नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले विद्यालयमा सातामा दुई दिन बिदा दिने सरकारको निर्णयलाई आफूहरूले समर्थन गर्दै कार्यान्वयनका लागि जोड दिएको बताउनुभयो। उहाँले शिक्षक–कर्मचारीको पेसागत हितका विषयमा निर्णय लिँदा भने आफूहरूसँग परामर्श गर्नुपर्ने माग गर्नुभयो।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)का महासचिव आरबी कटवालले आइतबार पनि विद्यालय बिदा दिने निर्णयलाई आफूहरूले कटिबद्धताका साथ लागू गरेको जनाउँदै पाठ्यक्रमले तोकेको कार्यघण्टा मिलानका लागि कतिपय सार्वजनिक बिदामा पनि पढाउने र वार्षिक परीक्षापछिको अवधिको समयलाई उपयोग गर्न सकिने सुझाव दिनुभयो। सरकारको उक्त निर्णयको अवज्ञा गरेर आइतबार पनि कक्षा सञ्चालन गर्ने विद्यालयको जिम्मेवारी आफूहरूले नलिने महासचिव कटवालले उल्लेख गर्नुभयो।

## रौतहटमा ...

अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी विष्णु प्रदीप बस्यालद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

# मधेसका 'सीएम' लाई समर्थन गर्ने/नगर्नेमा जसपा नेपाल विभाजित



काठमाडौँ, २ जेठ। मधेस प्रदेशका मुख्यमन्त्री 'सीएम' कृष्ण यादव यही जेठ ८ गते विश्वासको मत लिने तयारीमा छन्। तर, निर्णायक स्थानमा रहेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी(जसपा) नेपालमा भने दुई धार देखिएको छ। अर्थात विभाजित बन्न पुगेको छ। मत बाँझिएसँगै पार्टीले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने/नदिनेबारे अहिलेसम्म निर्णय गर्न सकेको छैन। जसपा नेपालको शुक्रबार बसेको मधेस प्रदेश संसदीय दलको बैठकले विश्वासको मत दिने/नदिनेबारे निर्णय लिन सकेन। जसकारण मुख्यमन्त्री यादवले विश्वासको मत लिने समय हेरफेर गर्नुपर्‍यो।

जसपा नेपालमा २६ जना सांसद छन्। त्यसमध्ये अधिकांश सांसदहरूले सरकारमा जान नहुने बताइरहेका छन्। तर सरकारमा जानैपर्ने अवस्था आएमा आफूहरूले नै नेतृत्व गर्नुपर्ने उनीहरूको भनाइ छ। बैठक स्रोतका अनुसार जसपा नेपालका प्रदेश सभा सदस्य एवं पूर्वमुख्यमन्त्री लालबाबु राउत, मनिष सुमन, राजु गुप्ता, रानी शर्मालगायत सांसदहरूले वर्तमान सरकारलाई निरन्तरता दिनुपर्ने धारणा राखेका थिए। मनिष सुमन, रानी शर्मा तिवारी र राजु गुप्ता यादव नेतृत्वको सरकारमा छन्। उनीहरुले अहिले नीति तथा कार्यक्रम एवं बजेट बनाउने समयमा सरकार फेरबदलको काममा लाग्न नहुनेमा जोड दिएका एक नेताले बताए।

प्रदेश सभा सदस्य राउतले वर्तमान सरकारलाई समर्थन गरेर अघि बढ्ने बताए। उनले भने, 'हालसम्म वर्तमान सरकारलाई नै समर्थन गर्ने सहमतिमा पार्टी पुगेको छ, ८ गतेसम्म अर्को कुनै परिस्थिति बन्यो भने त्यो बेग्लै कुरा हो,'तर हालसम्मको अवस्था हेर्दा मुख्यमन्त्रीमा कृष्ण यादवलाई नै समर्थन गरेर जाने कुरा छ।' यस्तै जसपा नेपालका केही नेताहरू भने सरकारले लक्ष्य अनुसार काम गर्न नसकेको भन्दै मुख्यमन्त्रीको आलोचना गरिरहेका छन्। विगतको सरकारमा भन्दा वर्तमान सरकारको कार्यमूल्यांकन कमजोर रहेको भन्दै केही नेताहरू सरकारको विरोध गर्दै आएका छन्।

पूर्वमुख्यमन्त्री एवं जसपा नेपालका नेता सरोज यादव ( बारा)ले मुख्यमन्त्री यादवले लक्ष्य अनुरूप काम गर्न नसकेको आरोप लगाए। नीति तथा कार्यक्रम एवं बजेटले तय गरिसकेका कामहरू पनि गर्न नसकिएको उनले दाबी गरे। मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई समर्थन गर्ने कि नगर्ने विषयमा पार्टीले निर्णय गर्न बाँकी रहेको नेता यादवले बताए।

जसपा नेपालकै अर्का प्रदेश सभा सदस्य जैनुल राइनले प्रदेशले जुनसुकै निर्णय गरेपनि अन्तिममा केन्द्रको निर्देशन नै सर्वमान्य हुने उनले बताए। ८ गतेभित्र आउने केन्द्रको निर्देशन अनुसार नै आफूहरू अघि बढ्ने प्रदेश सभा सदस्य राइनले बताए।

मुख्यमन्त्री यादवलाई नै समर्थन गर्ने कुरा भएपनि विश्वासको मत लिने कार्यक्रम नै सरेपछि अर्को निर्णय गर्न सक्ने अवस्था रहेको बताए। उनले भने,'मधेस प्रदेश संसदीय दलभन्दा पनि केन्द्रले यस बारेमा के निर्णय गर्छ, त्यसमा सबै कुराको भर पर्छ'।

**संसदीय दलको नेता बन्न दौडधुप**

जसपा नेपाल र लोसपा नेपालबिच एकता भएको थियो। निर्वाचन आयोगले मान्यता समेत दिइसकेको छ। यसैबिच मधेस प्रदेशमा संसदीय दलको नेता बन्नका लागि नेताहरू दौडधुपमा छन्। दुवै पार्टीका नेताहरूले संसदीय दलको नेता दाबी गरेका छन्। मधेस प्रदेशको संसदीय दलको बैठकले निर्णय गर्नुपर्ने एक नेताले बताए। तर प्रदेशले नेता चयन गर्न नसके केन्द्रले निर्णय गरेर पठाउने ती नेताले बताए।

## वीरगञ्जमा बजार...

गरेको पाइएकाले दफा ३९ (१) ( क) अनुसार रु २० हजार जरिवाना गरिएको छ। सोही वडामा सञ्चालित चौधरी होटलकी सञ्चालक उर्मिला महतोलाई पनि ऐनको दफा १५ विपरीत कार्य गरेको तथा दफा ३८ (घ) बमोजिम कसुर गरेको ठहर गर्दै दफा ३९ (१) (क) अनुसार रु पाँच हजार जरिवाना गरिएको समितिले जनाएको छ।

अनुगमनका क्रममा वीरगञ्ज-१३ मा सञ्चालित अनु देवीको व्यवसायमा केही सुधार गर्नुपर्ने देखिएकाले आवश्यक सुधारका लागि सामान्य निर्देशन दिइएको बताइएको छ। जिल्ला अनुगमन समितिले उपभोक्ताको हित संरक्षण तथा बजारलाई व्यवस्थित बनाउन अनुगमनलाई निरन्तरता दिइने जनाएको छ।

# चितवनमा औषधि खाने एचआइभी सङ्क्रमित एक हजार २०० बढी

चितवन, २ जेठ। जिल्लामा नियमित एआरटी औषधि सेवन गर्ने एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या एक हजार २६० पुगेको छ। गत पाँच महिना अर्थात् सन् २०२६ मा मात्र ३९ जना सङ्क्रमित थपिएको भरतपुर अस्पताल एआरटी केन्द्रका डा प्रमोद पौडेलले जानकारी दिनुभयो। सङ्क्रमितले पहिचान लुकाउँदा एचआइभी हुनेको सङ्ख्या वृद्धि हुने जोखिम बढेको र निर्दोष व्यक्ति सङ्क्रमित हुने गरेको डा पौडेलले बताउनुभयो। जिल्लामा रहेका सङ्क्रमितमध्ये ६१६ जना पुरुष, ५९८ जना महिला, २८ जना बालबालिका र १८ जना तेस्रोलिङ्गी रहेका छन्।

अस्पतालमा उपचार र औषधिका लागि आउने बिरामीमध्ये चितवनका ८६८ जना, नवलपरासीका २६७ जना, मकवानपुरका २५ जना, तनहुँका ३३ जना, गोरखाका ३० जना र तराई भेगका ३७ जना रहेको डा पौडेलले जानकारी दिनुभयो। चितवन जिल्लाका सङ्क्रमितमध्ये भरतपुर महानगरपालिकाका ४७७ जना, रत्ननगरका १०१ जना, खैरहनी नगरपालिकाका ६१ जना, राप्ती नगरपालिकाका ५९ जना, कालिका नगरपालिकाका ५६ जना, इच्छाकामना गाउँपालिकाका १३ जना, माडी नगरपालिकाका १२ जना रहेका छन्। डा पौडेलले भन्नुभयो, "सरकारी स्वास्थ्य संस्थामा 'कण्डम' वितरणमा कमी आउँदा समस्या आएको हो, एचआइभी एड्स न्यूनीकरण तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धिसहित एकीकृत कार्यक्रम सञ्चालन हुन आवश्यक छ।"

एएचएफ नेपाल भरतपुर अस्पतालका कार्यक्रम संयोजक कृष्णहरि सापकोटाका अनुसार सन् २०२६ मा मात्र ७१ जना नयाँ एचआइभी एड्स सङ्क्रमित औषधि सेवन गर्न आएका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# फर्किँदै मधेसको मौलिकता, माटोका भाँडाको प्रयोग बढ्न थाल्यो

**नवीन प्रियदर्शी**

जनकपुरधाम, २ जेठ। आधुनिकतासँगै मानिसको जीवनशैली परिवर्तन हुँदै गए पनि मौलिक संस्कृतिप्रतिको आकर्षण भने फेरि बढ्न थालेको छ। बजारमा अहिले माटोका भाँडामा चिया, लस्सी, दहीदेखि विभिन्न परिकार खाने चलन बढ्दो छ। स्वास्थ्य, स्वाद र संस्कृतिसँग जोडिएको माटोको भाँडाले आधुनिक बजारमा नयाँ पहिचान बनाइरहेको छ। अहिले मधेस प्रदेशका सहरहरू वीरगञ्ज, राजविराज, लहान, सिरहा, गौर, मलङ्गवा, जनकपुरधाम लगायतका होटल, रेस्टुरेन्ट, चिया पसल तथा क्याफेहरूमा माटोका कप, गिलास, भाँडा, मटका र अन्य सामग्रीको प्रयोग बढ्न थालेको छ। आधुनिकताका बिच मौलिकताको खोजी गर्ने प्रवृत्तिसँगै माटोका भाँडाप्रति आकर्षण बढ्न थालेको हो।

एक समय मधेसका गाउँघरमा बिहान उठ्नेबित्तिकै माटोको गाग्रीमा पानी, माटोको भाँडामा दही र कुल्हडमा चिया देखिनु सामान्य कुरा थियो। घरको भान्सादेखि विवाह, पूजा, व्रतबन्ध, श्राद्ध र पर्वसम्म माटोका भाँडाले विशेष स्थान ओगटेको हुन्थ्यो। आधुनिकता बढ्दै जाँदा बजारमा प्लास्टिक, स्टिल र काँचका भाँडा भित्रिए, अनि बिस्तारै माटोका भाँडा गाउँका कुनाकाप्चामा सीमित हुन थाले। चाडपर्वमा मात्रै माटोका भाडा प्रयोग हुन थाल्यो।

मिथिला संस्कृतिमा माटोको विशेष महत्त्व छ। मधेस प्रदेशका कुम्हार समुदायले पुस्तौँदेखि माटोका भाँडा बनाउने काम गर्दै आएका छन्। विवाहमा प्रयोग हुने धैला, पूजा सामग्री, दियो, विभिन्न कलात्मक सामग्री मिथिलाको पहिचानसँग जोडिएका छन्। विशेषगरी छठ पर्व, विवाह तथा धार्मिक अनुष्ठानमा अझै पनि माटोका सामग्रीलाई पवित्र मानिन्छ। यही कारण आधुनिकताबिच पनि मधेसको मौलिकता पूर्ण रूपमा हराउन सकेको छैन।

जनकपुरधाम उपमहानगरपालिका-१९ नम्बर वडाका राजनारायण पण्डितका अनुसार उनी १२ वर्ष विदेशमा बसे, तर राम्रो आम्दानी गर्न सकेनन्। उनले आफ्नै पुख्यौली पेसालाई संरक्षण गर्ने सोच बनाए । एक वर्षदेखि उनी आफ्नै घरमा माटोको गिलास र माटोको कचौरा बनाउने काम गरिरहेका छन्। भारतबाट पाँच लाख रुपैयाँ खर्च गरेर माटो मिलाउने, काट्ने र भाँडा बनाउने मेसिन ल्याएको उनले बताए। काँचो माटोका भाँडा बनाइसकेपछि दाउराको भट्टीमा राखेर पकाइन्छ र उक्त भाँडा तयार हुन्छ। अब उनी विद्युतीय भट्टी जडान गर्ने तयारीमा छन्।

जनकपुरधाम उपमहानगरपालिकाकै कपिलेश्वरका जोगी पण्डितका अनुसार माटोका भाँडाको माग धेरै भए पनि माग अनुसार उत्पादन गर्न सकिएको छैन। 'माटो महँगो छ। एक ट्र्याक्टर माटोको चार हजारदेखि सात हजार रुपैयाँसम्म पर्छ। दाउरा र गुइँठा महँगो भएकाले भाँडा पकाउन समस्या हुन्छ। मजदुर ज्याला महँगो छ,' उनले भने। जलेश्वर नगरपालिका-६ का रासबिहारी पण्डितले यो पेसालाई सरकारले प्राथमिकता नदिएको गुनासो गरे। समयमा सिप, तालिम र प्रविधिको व्यवस्था गरियो भने माटोको भाँडा र कुम्हार समुदायको पुख्यौली पेसाको संरक्षण र संवर्द्धन हुने उनको भनाइ छ।

उनका अनुसार भारतको उत्तर प्रदेशमा सरकारले माटो र दाउरा निःशुल्क दिने व्यवस्था गरेको छ। त्यहाँका कुम्हार समुदायले राम्रो आम्दानी गरिरहेको उनको भनाइ छ। 'हाम्रो सरकारले पनि सहयोग गरिदियो भने राम्रो हुन्थ्यो,' उनले भने। अहिले मधेस प्रदेशका विभिन्न सहर बजारमा माटोका भाँडा, पानी पिउने मटका, गाग्रो र अन्य सामग्री बिक्री भइरहेको छ। पानी पिउने मटका तीन सयदेखि पाँच सय रुपैयाँसम्ममा बिक्री हुने गरेको छ। जनकपुरधाम-५ का स्थानीय पसले कैलाश साहले भने, 'अहिले घरघरमा र कार्यालयमा मटका राख्ने चलन बढेको छ। ग्राहकहरू फ्रिजको पानीभन्दा मटकाको पानी स्वास्थ्यका लागि राम्रो मान्छन्। मोही, छाछ, घिउ र दही पनि माटोका भाँडामा राख्ने चलन बढ्दै गएको छ, तर मागअनुसार कुम्हारहरूले भाँडा दिन सकिरहेका छैनन्।'

देशभर कुम्हार समुदायको संख्या ९५ हजार ७२४ छ। जसमध्ये मधेस प्रदेशमा ७२ हजार ४५४ कुम्हार समुदाय छन्। संस्कृतिविद् प्राध्यापक रामसागर पण्डितका अनुसार मधेस प्रदेशमा जन्मदेखि श्राद्धसम्म माटोको भाँडोलाई पवित्र मानिन्छ। माटोलाई जननी मानेर पूजा गर्ने चलन रहेको उनले बताए। उनले भने, '७०-८० वर्षअघि गाउँघरमा माटोको भाँडामा खाना पकाउने र खाने चलन थियो। आधुनिकताका कारण त्यो चलन हराउन थाल्यो, तर अहिले फेरि मानिसहरू मौलिकता खोज्दै माटोतर्फ फर्किरहेका छन्।'

जनकपुरधाम-८ का चिया पसले जामुन दैनिक सात सयदेखि आठ सय कपसम्म चिया बेच्छन्। उनी माटोको कपमै चिया बेच्ने गर्छन्। 'हामी पाँच रुपैयाँमा माटोको कप किन्छौँ। माटोको कपमा चिया ३० रुपैयाँमा बेचिन्छ भने कागजको कपमा २५ रुपैयाँ पर्छ, तर ग्राहकहरू माटोको कपमै चिया पिउन मन पराउँछन्,' उनले भने। नवरङ होटलका सञ्चालक दिलीप साहका अनुसार पहिला कठिया हाउस जनकपुरमा एक दुई ठाउँमा थियो। अहिले प्रायः सबै होटल र रेस्टुरेन्टमा माटोका भाँडामा परिकार बनाउन थालिएको छ। चिया पसलमा पनि माटोको गिलास राख्न थालिएको छ।

आइसक्रिम, लस्सी र दही पनि माटोका भाँडामा पाइन्छ। गर्मीमा माटोको भाँडाको प्रयोग बढी हुने व्यवसायी बताउँछन्। कर्मकाण्डी दिनेशचन्द्र मिश्रका अनुसार हिन्दु धर्ममा माटोका भाँडालाई पवित्र मानिन्छ विशेषगरी मधेस प्रदेशमा र मिथिला क्षेत्रमा कुलदेवता, ग्रामदेवता, यज्ञ, मुण्डन, उपनयन र श्राद्धमा माटोका भाँडाको विशेष महत्त्व रहेको उनले बताए। जनकपुरधाम-१ का प्रमोद साहले माटोको गिलासमा चियाको स्वाद नै फरक आउने बताए। गर्मीको समयमा फ्रिजको पानी भन्दा मटकाको पानी पिउनु राम्रो हुने उनको भनाइ छ।

हिंसाले भत्काउछ सम्बन्ध सारा, मायाले जोडछ परिवार सारा ।आदर बढाऔं, रिस घटाऔं, महिला हिंसा रहित सुन्दर परिवार बनाऔं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)